# चौरजहारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
९८५७८२६१११


## शिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना
### (प्रथम पटक प्रकाशित मिति : २०७५/११/२०)

कर्णाली प्रदेश सरकारबाट यस नगरपालिकामा संचालन हुने तपशिलका योजनाहरु शिलबन्दी बोलपत्र द्वारा कार्यान्वयन गराउनु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त निर्माण व्यवसायी, कम्पनी वा फर्महरुले निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वकको शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

**शर्तहरु :**

१. शिलबन्दी बोलपत्र फारम तपशिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) राष्ट्रिय वाणिज्य बैंकको मुलखाता नं. ४३३०३०४०१८१०२ मा जमा गरी सोको भौचर संलग्न राखी अद्यावधिक नविकरण भएको ठेक्का ईजाजतपत्रा, प्यान नम्बर दर्ता प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७५/०७६ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणिति प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र नगर कार्यपालिकाको कार्यालयबाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ (एकतिस) औं दिनको २:०० बजेभित्र रित पूर्वकको बोलपत्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ ।

३. यसरी दर्ता भएका बोलपत्रहरु सोही दिनको ४:०० बजे सम्बन्धित फर्महरु समेतको रोहवरमा (प्रतिनिधि उपस्थित नभए पनी) खोलिनेछ ।

४. बोलपत्रका साथ आफूले बोल कबोल गरेको अङ्कको २.५ प्रतिशतले हुने रकम नेपाल राष्ट्रिय वाणिज्य बैंक चौरजहारी स्थित धरौटी खाता नं. ४३३०३०३००७१०२ मा सम्बन्धित फर्मको नाममा जम्मा गरेको सक्कल भौचर वा स्वीकृत प्राप्त क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भउको घटीमा १२० (एक सय विस) दिनको (बोलपत्र दाखिला हुने अन्तिम मितिबाट) मान्य अवधि हुने बैंक जमानत (Bid Bond) बोलपत्रका साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

५. बोलपत्रदाताले बोलपत्र कागजातमा संलग्न मूल्य अङ्कित परिमाण सूचि (BOQ) को प्रत्येक आइटममा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गरेको हुनुपर्नेछ । दररेट र परिमाणबाट कुल रकम समेत उल्लेख गर्नुपर्नेछ र यसमा कुनै प्रकारको अंक गणितीय त्रुटी देखिएमा दररेट मात्र मान्य हुनेछ ।

६. अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखेको दररेटलाई मान्यता दिइनेछ ।

७. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मले भरेर दर्ता गराउन पाउने छैन । साथै कार्यालयबाट खरिद गरेको सक्कल बोलपत्र फाराम उपर कुनै कारवाही हुने छैन ।

९. बोलपत्र कागजात र यस सूचनामा लेखिएको कुराहरुको हकमा सोही अनुसार र सो मा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

१०. यस सूचना बमोजिम बोलपत्र कागजात खरिद गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा कार्यालय समयभित्र उक्त कार्यहरु हुनेछन् । साथै एकैदिन बोलपत्र खरिद र दर्ता गर्ने दुवै कार्य परेमा सो दिनको २:०० बजेसम्म मात्र उक्त कार्यहरु हुनेछन् ।

११. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा कार्यालय समयभित्र ९८५७८२६१११ मा सम्पर्क राखि बुझ्न सकिनेछ ।

**तपशिल :**

| क्र.सं. | बोलपत्र संख्या | योजनाको नाम | लागत अनुमान रकम (मु.अ.कर सहित) | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| 1 | (NCBW1) Chaurjahari 075/076 | Chaupha- Amlatakura- Neptekada Bhalgore Rural Road | ३३३३०००।०० | ३०००।०० | |
| 2 | (NCBW2) Chaurjahari 075/076 | Swara-sanakhola to jumlipokhari Rural Road | ३३३३०००।०० | ३०००।०० | |
| 3 | (NCBW3) Chaurjahari 075/076 | Biurekhola-Ratamata Pokhari Lift water Supply Project | [illegible]०००।०० | ३०००।०० | |

..........................
तारा बहादुर कुँवर
निमित्त प्रमुख प्रशासकीय अधिकृत

“आत्मनिर्भर, एकता र समृद्ध नगरको निर्माण, चौरजहारी नगरवासीको पहिचान”


website: www.chaurjaharimun.gov.np Email: ito.chaurjaharimun@gmail.com